Remove Watermark
Wondershare PDFelement

# चिङ्गाड गाउँपालि

# गाउँ कार्यपालिकाको कार्यालय, अवलचिङ्ग, सुर्खेत

## कर्णाली प्रदेश ,नेपाल

## औषधी आपूर्ति सम्वन्धी सिलवन्दी दरभाउपत्र आहवानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०१/०८

सुचना नं. SQ/CRM/MED/77-78/1

यस गाउँपालिकाको लागि आवश्यक औषधी सिलवन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्वन्धित इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति ,फर्म तथा कम्पनी बाट निम्न शर्तहरुको अधिनमा रही आ.व. २०७७/०७८ को रितपूर्वकको सिलवन्दी दरभाउपत्र आहवान गरिएको छ । तोकिएको म्याद भित्र कानूनी प्रकिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालय ( PPMO) को वेभसाइट https://bolpatra.gov.np/egp मा गई विद्युतीय खरिद प्रणाली सञ्चालन मार्गनिर्देशिका, २०७३ बमोजिम दरभाउपत्र दर्ता गर्नहुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागि यस गाउँकार्यपालिकाको सूचनापाटी, वेभसाइट www.chingadmun.gov.np तथा कार्यालय समय भित्र यस कार्यपालिकाको कार्यालयको प्राविधिक शाखामा सम्पर्क राख्न सकिनेछ।

१. विद्धुतिय खरिद प्रणाली सञ्चालन मार्गनिर्देशिका, २०७३ बमोजिम विद्युतिय बोलपत्र प्रस्ताव https://bolpatra.gov.np/egp मा गइ यो सूचना प्रकाशित भएको मितिले १६औ दिनसम्म १२:०० बजे सम्म Electronically bid खरिद गर्न सकिनेछ । यस कार्यालयबाट (Hard copy) बिक्री गरिने छैन। सो बमोजिम खरिद भएका दरभाउपत्र १६ औ दिन अपरान्ह दिनको १:०० बजे चिङ्गाड गाउँकार्यपालिकाको कार्यालयमा खोलिनेछ।

२. दरभाउपत्र खरिद दस्तुर वापतको रकम यस कार्यालयको सानिमा बैंक शाखा कार्यालय मटेला सुर्खेतमा रहेको आन्तरिक राजश्व खाता नं.०६९०१००४००००००५ मा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ।

३. दर्ता भएका दरभाउपत्रहरु सोही दिनको १ बजे दरभाउपत्रदाताका वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ।दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. सिलवन्दी दरभाउपत्र साथ रु.६०,०००।००(अक्षरुपी साठी हजार मात्र ) रकम बराबर रकम यस कार्यालयको नाममा रहेको सानिमा बैंक मटेला सुर्खेतमा यस कार्यालयको धरौटी खाता नं ०६९०१००२००००००४५ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त क वर्ग वैंकबाट यस कार्यालयको नाममा जारी भएको,प्रचलित कानुनले तोकेको मान्य अवधि (दरभाउपत्र खोल्ने मिति देखि ७५ दिन) भएको जमानी पत्र (विडवन्ड) पेश गर्नुपर्नेछ।

६. औषधी खरिद गर्दा WHO GMP Certified company बाट उत्पादित औषधी हरु मात्र खरिद गरिने छ ।बोतलमा सप्लाई हुने औषधीहरु प्लाष्टीक बोतलमा भएको हुनुपर्ने छ र बाँकी औषधीहरु स्ट्रीपमा हुनुपर्ने छ ।

७. खरिद हुने औषधीहरुको म्याद सम्वन्धमा उक्त औषधीको यस कार्यालयमा बुझाउदा सम्म Manufactring date बाट Expiry Date कम्तीमा ७५ प्रतिशत दिन बांकी हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएका औषधीहरु स्वीकार गरिने छैन ।

८. औषधी आपुर्तीकर्ताले आपूर्ती गर्ने औषधीहरुको बोतल तथा स्ट्रीप लगायतका सम्पूर्ण औषधी तथा सामाग्रीहरुमा नि.शुल्क वितरणका लागि भन्ने अनिवार्य उल्लेख भएको हुनु पर्नेछ ।

९. प्रत्येक औषधीहरुको औषधी निर्यातकर्ताले औषधी व्यवस्था विभागबाट म्याद भएको छुट्टाछुट्टै Authorization प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ

१०. सारभुत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये सवै भन्दा घटी रकम कवोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।

११. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधीको परिमाणमा थप घट गर्न सकिने छ ।

१२. अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र थप जानकारीको लागि यस कार्यलयमा सम्पर्क गर्न सकिने छ।

१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजिनक खरिद ऐन २०६३ तथा सार्वजनिक नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

**तपशिलः**

| सि.न. | सूचना नं. | विवरण | लागत अनुमान (मू.अ कर वाहेक) रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | SQ/CRM/MED/77-78/1 | औषधी खरिद | २०,००,००१।०० | १०००।०० | ६०,०००।०० | खरिद गर्ने अन्तिम मिति २०७८/०१/२३ दिनको १२:०० बजे भित्र । दरभाउ पत्र खोल्ने मिति २०७८/०१/२३ गते दिनको १:०० बजे |

**नि.प्रमुख प्रशासकीय अधिकृत**